सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
**www.ipr.sikkim.gov.in**

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५४ | गान्तोक, (शुक्रबार) फरवरी २६,२०२१ | अङ्क ०७


## मुख्यमन्त्रीले गर्नुभयो कलुक पुलिस स्टेशनको उद्घाटन



**गान्तोक।**

२३ फरवरीको दिन मुख्यमन्त्री प्रेमसिंह तामाङ (गोल)–ले मङ्गलवार पश्चिम सिक्किमको रिञ्चेनपोङ कलुकमा मोडल पुलिस स्टेशनको विधिवत उद्घाटन गर्नुभयो। यस अवसरमा उहाँले परोक्ष (भर्चुअल)–रूपमा गेजिङ मोडल पुलिस स्टेशन र नयाँ बजार मोडल पुलिस स्टेशनको शिलान्यास गर्नुभयो। यस कार्यक्रमको अवसरमा मुख्यमन्त्रीको साथमा राज्यका मन्त्रीगण, विधायकगण, विभिन्न विभागका सल्लाहकार, अध्यक्षगण, पुलिस विभागका वरिष्ठ अधिकारी एवं स्थानीय नागरिकहरूको सहभागिता रहेको थियो।

## छैटौं शासकीय परिषद्को बैठकमा मुख्यमन्त्रीको सहभागिता

**गान्तोक।**

मुख्यमन्त्री प्रेमसिंह तामाङले २० फरवरीको दिन भिडियो सम्मेलनको माध्यमबाट नीति आयोग, २०२१–को छैटौं शासकीय परिषद्को बैठकमा उपस्थिति जनाउनुभयो। प्रधानमन्त्री नरेन्द्र मोदी लगायत केन्द्रिय मन्त्रीगण, नीति आयोगका मुख्य कार्यकारी अधिकारी, अन्य अधिकारीगण आदि सम्मेलनमा उपस्थित रहेका थिए।

सम्मेलनमा आफ्नो सम्बोधन राख्दै मुख्यमन्त्री प्रेमसिंह तामाङले महामारीको प्रभावकारी प्रबन्धनको निम्ति प्रधानमन्त्री तथा मन्त्रीगणप्रति कृतज्ञता व्यक्त गर्नुभयो। उहाँले स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरूलाई समर्पित सेवाको निम्ति धन्यवाद दिनुभयो। मुख्यमन्त्रीले देशले पर्याप्त मात्रामा कोभिड खोप उत्पादन गरेकोमा प्रशंसा गर्नुभयो।

मुख्यमन्त्रीले सिक्किम राज्य महामारीको चपेटबाट निस्किरहेको साथै राज्यमा संक्रमित मामिला रोक्नमा सफल बनेको सम्मेलनमा बताउनुभयो। विगत वर्षको उपलब्धिको बारेमा बताउँदै राज्यको जैविक तालमेलमा सुधार ल्याइएको, देशको हरित राजधानीको रूपमा सिक्किमलाई रूपान्तरित गर्ने दिशामा काम भइरहेको अनि प्रधानमन्त्रीको ५ ट्रिलियन अर्थतन्त्रतर्फ योगदान दिन अग्रसर बनेको कुराको जानकारी गराउनुभयो। नीति आयोगद्वारा चिन्हित महत्त्वपूर्ण बुँदाहरूबारे पनि मुख्यमन्त्रीले अवगत गराउनुभयो। उहाँले भन्नुभयो, राज्यका कृषकहरूले पर्यावरणमैत्री पद्धतिमा माटो संरक्षणको निम्ति जैविक मल प्रयोग गरिरहेका छन्। त्यसैको कारण अन्य राज्यमा कृषकहरूले पाउने उर्वरक अनुदानको लाभ यस राज्यका कृषकहरूले पाउँदैनन्। त्यसकारण, यस राज्यका कृषकहरूले मल खरिदको निम्ति अनुदान राष्ट्रिय उर्वरक अनुदानकै हाराहारीमा पाउनुपर्छ। कृषकहरूको आय दुईगुणा गर्नु अनि पर्यावरणलाई ग्राह्यता दिनको निम्ति यो नितान्त आवश्यक रहेको मुख्यमन्त्रीले बताउनुभयो।

मुख्यमन्त्रीले सम्मेलनमा भन्नुभयो, सिक्किममा राज्यलाई देशको अन्य भागसित जोड्ने एउटै मात्र राजमार्ग छ अनि त्यो पनि बारम्बार बाधित हुन्छ। राज्यको भू–राजनीतिक अवस्थानको संवेदनशीलतालाई हेरेर पक्का सड़क सम्पर्कता तथा राजमार्ग स्थापित गरिनुपर्छ। यसरी नै नयाँ शिक्षा नीति २०२०–लाई राज्यमा लागू गर्नेबारे सम्पूर्ण तयारी भइसकेको मुख्यमन्त्रीले सम्मेलनमा बताउनुभयो। राज्यको अत्यन्तै कम दर्जाको इण्टरनेट सम्पर्कतामा सुधार ल्याइनु अत्यावश्यक रहेको पनि उहाँले बताउनुभयो। डिजिटल नर्थ इष्ट भिजन २०२२–द्वारा चिन्हित सबै आठ

## ३१ मार्चमा राज्यको नगरपालिका चुनाउ



**गान्तोक।**

२५ फरवरीको दिन राज्यमा सम्पन्न हुन गइरहेको तेस्रो आम नगरपालिका चुनाउलाई लिएर राज्य चुनाउ आयोगद्वारा तादोङस्थित राज्य चुनाउ आयुक्तको कक्षमा प्रेस भेला आयोजन गरियो। राज्य चुनाउ आयोगअनुसार आगामी ३१ मार्चको दिन राज्यका नगरपालिका निकायहरूको चुनाउ सम्पन्न हुनेछ अनि चुनाउको परिणाम ३ अप्रेलको दिन सार्वजनिक गरिनेछ। चुनाउलाई लिएर पहिलो मार्चको दिन नामङ्कन पत्र आमन्त्रणको सूचना जारी गरिनेछ भने नामाङ्कन पत्र दर्जा गर्ने अन्तिम मिति ८ मार्च तोकिएको छ। त्यसरी नै ९ मार्चको दिन नामङ्कनको सत्यापन गरिने र नामाङ्कन फिर्ता लिने अन्तिम मिति ११ मार्च तोकिएको छ। १ मार्चको दिन अन्तिम सूचना जारी गरिएपछि चुनाउ आचार संहिता लागू हुने पनि जानकारी गराइएको छ।

राज्य चुनाउ आयुक्त निमा लादेन येथेन्पाले थप जानकारी दिनुभएअनुसार राज्यमा कुल ५१ वार्ड, ९० मतदान केन्द्र छन् भने ४०४७५ स्त्री र ४२३४१ पुरूष मतदाताहरू छन्। उहाँले थप बताउनुभयो, राज्य सरकारले नगरपालिकाको अधिनियम २००७–मा सम्बन्धित भागको संशोधन गरेको छ, जसद्वारा नगरपालिकाको मौजुदा सदस्यलाई भङ्ग गरेर ६ महिनाको अवधिको निम्ति नगरपालिका चुनाउलाई स्थगित गरिएको थियो। उहाँले थप बताएअनुसार, मुख्य निर्वाचन अधिकारीद्वारा विधानसभा निर्वाचन क्षेत्रगत रूपमा पहिलो जनवरी २०२१–लाई मानक मितिको रूपमा लिएर तयार गरी प्रकाशित गरिएको मतदाता सूचिको पृथकीकरण तथा तयारी हालै सीमाङ्कृत नगरपालिका वार्डकाअनुसार जिल्लामा चलिरहेको छ अनि नगरपालिका निर्वाचक नामावलीको अन्तिम प्रकाशन सम्बन्धित जिल्लामा २६ फरवरी २०२१ को दिन नगर निर्वाचन पञ्जीकरण अधिकारीद्वारा गरिनेछ। चुनाउको कार्यक्रम

*हल पृष्ठ ४ मा..*

## जिल्ला पञ्चायत भवनमा आत्मनिर्भर सिक्किम योजना कार्यान्वयनमाथि बैठक सम्पन्न

**गेजिङ।**

२३ फरवरीको दिन पश्चिम सिक्किमको क्योङ्सास्थित जिल्ला पञ्चायत भवनको सम्मेलन कक्षमा आत्मनिर्भर सिक्किम योजना कार्यान्वयनको सम्बन्धमा समन्वय बैठक सम्पन्न भयो। उक्त कार्यक्रममा अतिरिक्त जिल्लापाल आगवने रोहन रमेशको अध्यक्षता आयोजित उक्त बैठकमा एसएसबी ७२ बटालियनका उप कमाण्डेन्ट ओम प्रकाश सिंह, शिक्षा विभागका अतिरिक्त निदेशक जीवन प्रकाश छेत्री र अन्यको उपस्थिति रहेको थियो।

कुल १८ वटा उच्चतर माध्यमिक र माध्यमिक विद्यालयले टोली गठन गरेर आगामी ५ देखि ७ मार्चबीच सम्बन्धित खण्डका बजारमा पसल खोल्नेछन्। प्रत्येक टोलीमा १० जना विद्यार्थी र दुईजना नोडल शिक्षक सामेल हुनेछन् जो सम्बन्धित नेहरू युवा केन्द्रका स्वयंसेवकहरूको रेखदेखमा संलग्न विद्यार्थीहरूको मार्गदर्शनका लागि जिम्मेवार हुनेछन्। अतिरिक्त जिल्लापाल रमेशले सहभागीहरूलाई सम्बोधन गर्दै यो योजनाका विभिन्न महत्वपूर्ण दिशानिर्देशमाथि प्रकाश पार्नुभयो। विद्यार्थीहरूसँग अन्तरक्रिया सत्रको क्रममा उहाँले स्वैच्छिक उद्यमशीलता प्रयासमाथि प्रोत्साहन गर्नुभयो। विद्यार्थीहरू भविष्यका कर्णधार रहेको र राज्यलाई उदाहरणीय बनाउन उनीहरूको ठूलो दायित्व रहेको बताउनुभयो।

उहाँले विद्यालयहरूलाई प्रतिनिधित्व गर्न सम्बन्धित लाइन विभागसँग मिलेर विद्यार्थीहरूको पक्षमा सहयोग पुऱ्याउन र कलात्मक ढङ्गले पहल गर्न प्रोत्साहित गर्नुभयो र विद्यार्थीहरूलाी उनीहरूले चाहेको कुराबारे निर्णय गर्न दिन आग्रह गर्नुभयो। उहाँले यो उद्देश्यको पक्षमा सम्भव सबै सहयोग प्रदान गर्ने आश्वासन दिनुभयो। उहाँले सबैलाई इमान्दारताका साथ कोभिड–१९ का मापदण्ड पालन गर्न अनुरोध गर्दै विद्यार्थीहरूमा उद्यमशीलता उत्थानको केन्द्रिकृत लक्ष्यको सम्बन्धमा सक्रिय सहभागिता प्रदान गर्न सबैलाई प्रोत्साहित गर्नुभयो।

# सड़क सुरक्षा महिना पालन

रम्फू।

१९ फरवरीको दिन छुजाचेन उच्च माध्यमिक पाठशालाद्वारा रङ्गेली बजारमा सड़क सुरक्षा महिना अभियान पालन गरियो। उक्त अवसरमा सम्पन्न विभिन्न कार्यक्रममा तीस विद्यार्थीहरूले अंशग्रहण गरेका थिए। रंगेली बजारमा ऱ्याली निकालियो जहाँ विद्यार्थीहरूले प्लाकार्ड मार्फत महत्वपूर्ण सन्देश साझा गरे। छुजाचेन पाठशालाका विद्यार्थीहरूद्वारा सड़क सुरक्षा जागरूकता सड़क नाटक पनि प्रदर्शन गरियो। विद्यार्थीहरूको अगुवाई शिक्षकहरू क्रमैले सागर राई, रतन तामाङ अनि अनिता शर्माले गरेका थिए।

# रिनाकमा रक्तदान शिविर आयोजित

रिनाक।

२१ फरवरीको दिन पूर्व सिक्किमको रिनाक ग्राम पञ्चायत एकाईले आशीर्वाद फाउण्डेसनसँगको संयुक्त तत्त्वावधानमा रिनाक बजारमा वृहत रक्तदान शिविर आयोजन गऱ्यो। शिविरमा रिनाक सरकारी महाविद्यालय, सशस्त्र सीमा बलको ६९औं वाहिनी, रिनाक सरकारी उच्चतर माध्यमिक विद्यालय र स्थानीय नागरिक समाजका सदस्यवर्गद्वारा रक्तदान गरियो। एसटीएनएम-को ब्लड ब्याङ्क एकाईका अतिरिक्त निदेशक डा. चिन्तामणि शर्माले रक्तदानको महत्त्वमाथि प्रकाश पारे। रिनाक ग्राम पञ्चायत एकाईका सभापति भूषण अधिकारीले कोभिडको महामारीका कारण सिक्किमका रोगीहरू बाहिर उपचार गराउन नगएर राज्यभित्रै गराउन थालेको उल्लेख गर्दै रोगीहरूको संख्यामा वृद्धि हुँदा अस्पतालहरूमा रगतको कमी आएको बताए। यस्तो स्थितिलाई ध्यानमा राखेर नागरिक समाजले रक्तदानलाई बढ़ी महत्त्व दिएर रक्तदान गर्नुपर्ने सभापति अधिकारीले अपील गरे। रक्तदान शिविरमा एसटीएनएम-को ब्लड ब्याङ्क, सिक्किमको स्वयंसेवी रक्तदान संगठन, रिनाक सामुदायिक स्वास्थ्य केन्द्र र रिनाक थानाले विशेष सहयोग पुऱ्याएको थियो।

# कनिष्ठ ओलम्पिक खेल आयोजित

रम्फू।

अहिले राज्यभरि ग्राम पञ्चायत स्तरमा कनिष्ठ ओलम्पिक चलिरहेको छ। यसै क्रममा रातेपानी नामथाङ क्षेत्रको नामथाङ उच्चतर माध्यमिक पाठशाला खेल मैदानमा पनि १७ र १४ वर्षको आयुवर्ग मुनिका निम्ति २४ फरवरीका दिन खेल प्रतियोगिता आयोजित गरियो। ग्राम विकास अधिकारी राम तामाङ मुख्य अतिथि रहनुभएको कार्यक्रममा खेलाड़ीहरूका निम्ति जीपीयू र ब्लक स्तरमा एथेलेटिक, आर्चेरी बक्सिङ फुटबल, टेबल टेनिस, ताइक्वाण्डो बेडमिन्टन, कराते आदि खेल प्रतियोगिता आयोजित गरियो। भारत सरकारको खेल तथा युवा मामिला मन्त्रालयद्वारा प्रायोजित तथा राज्यको खेल तथा युवा मामिला विभागद्वारा आयोजित चयन प्रक्रियामा छानिएका खेलाड़ीहरूलाई जिल्ला स्तरीय प्रतियोगिताको निम्ति चयनित गरिनेछ।

# पद्मश्री सानु लामाका दुईवटा कृति लोकार्पित

गान्तोक।

२१ फरवरीको दिन कथाकार एवं पद्मश्रीले विभुषित सानु लामाका दुईवटा कृतिहरू हिमालचुली मन्तिर अनि जहाँ बग्छ टिस्टा रंगीत-को लोकार्पण भएको छ। सिक्किम कलाकार संघको तत्त्वावधानमा आयोजित गरिएको लोकार्पण समारोहमा राज्यका शिक्षा मन्त्री कुङ्गा निमा लेप्चा मुख्य अतिथि रहनु भएको थियो। सिक्किम साहित्य परिषदका अध्यक्ष रुद्र पौड्यालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मुख्य अतिथि श्री कुङ्गा निमा लेप्चाले पद्मश्री सानु लामाद्वारा रचिएको गीत जहाँ बग्छ टिस्टा रंगीतलाई आधिकारिक रूपमा राज्य गान बनाउन आउँदो क्याबिनेट बैठकमा प्रस्ताव राखिने प्रतिबद्धता जाहेर गर्नुभयो। मन्त्रीले सानु लामाले

एक साहित्यकार सँगसँगै अभियन्ताको रूपमा पनि सिक्किमेली समाजमा अमूल्य योगदान दिएको बताउँनुहुँदै साहित्य अनि सामाजिक जगतमा उहाँले दिएको योगदान अमूल्य रहनेछ भन्नुभयो। कार्यक्रममा जहाँ बग्छ टिस्टा रंगीत कृतिमाथि प्रकाश पार्नुहुँदै साहित्यकार अनिता निरौलाले पनि यस गीतलाई राज्य गान बनाउनुपर्ने मन्तव्य राख्नुभएकी थिइन्। सभाध्यक्ष श्री रुद्र पौड्यालले सानु लामाको साहित्यिक योगदानमाथि प्रकाश पार्नुभयो। भारतीय नेपाली साहित्यका एक प्रसिद्ध कवि मनप्रसाद सुब्बाले लामाको हिमालचुली मन्तिर कृतिमाथि समीक्षात्मक टिप्पणी प्रस्तुत गर्नुभएको थियो। सिक्किम कलाकार संघका अध्यक्ष चुनिलाल घिमिरेले कार्यक्रममा उपस्थित सबैलाई स्वागत जनाउँनुहुँदै पद्मश्री सानु लामाको जीवनचित्र प्रस्तुत गर्नुभयो।

समारोहमा युग्मकका प्रणेता कालुसिंह रनपहेंली, कवियत्री दिपा राई, अमर बानियाँ लोहोरो र राधा पाण्डेले साहित्यिक रचना प्रस्तुत गरेका थिए भने गायिका निकिता सिञ्जुरीले लामाद्वारा रचित गीत प्रस्तुत गरेकी थिइन्।

# कलाकारद्वारा नृत्य प्रदर्शित

सिङताम।

हालै श्रीजनी सिल्पाग्राम, शान्तिनिकेतन बोलपुरमा आयोजित सिक्किम उत्सव २०२१-को अवसरमा नटराज कला केन्द्र सोसाइटी, सिङताम अनि नृत्याञ्जली डान्स अकादमी, गान्तोकका नृत्य कलाकारहरुले आकर्षक नृत्य प्रदर्शित गरे। पूर्वी क्षेत्रीय सांस्कृतिक केन्द्र, संस्कृति मन्त्रालय, भारत सरकारद्वारा आयोजित उत्सवमा नटराज कला केन्द्र सोसाइटी, सिङताम अनि गान्तोकको नृत्याञ्जली डान्स अकादमीका कलाकारहरुले नृत्य प्रस्तुत गरेका थिए।

# मन्त्रीद्वारा सिम्बिडियम विकास केन्द्रको उद्घाटन

गान्तोक।

कृषि अनि बागवानी विभागीय मन्त्री लोकनाथ शर्माले पूर्व सिक्किम रुम्तेकमा नवनिर्मित सिम्बिडियम विकास केन्द्र (सीडीसी)-को टिकट काउण्टर, प्रदर्शनी एकाई अनि बिक्री काउण्टरको उद्घाटन गर्नुभयो।

सीडीसी उद्घाटन कार्यक्रममा रुम्तेक मार्तामका क्षेत्र विधायक तथा देञ्जोङ कृषि सहकारी संस्थाका अध्यक्ष सोनाम छिरिङ वेञ्जुङपा, कृषि कल्याण बोर्डका अध्यक्ष फूर्देन लेप्चाका साथै विभागीय अधिकारीहरू को पनि उपस्थिति रहेको थियो। सीडीसीको उद्घाटनपछि मन्त्री शर्माले अतिथिगणका साथ सुनाखरी संरक्षणालयमा निर्मित विभिन्न पूर्वाधारहरूको भ्रमण गर्नुभयो। सीडीसी-की संयुक्त निर्देशक पेमा छोडेन भोटियाले सिम्बिडियमको प्रत्येक विद्यमान खण्डको प्राविधिक पक्षबारे बताउँनुभयो्।

उक्त उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री शर्माले सीडीसीको सम्भाव्यताको सराहना गर्नुहुँदै कृषकहरूलाई बागवानीतर्फ आकृष्ट गर्न सीडीसीको जिल्ला स्तरमा शाखाहरू खोल्ने र सुझाउ दिनुभयो। यसबाहेक उहाँले राज्य सरकारका नवोद्यमी र अन्य विभिन्न उद्यमको निम्ति योजनाहरू बताउँनुहुँदै युवावर्गलाई त्यसबाट लाभ लिने प्रोत्साहित गर्नुभयो। उक्त समारोहलाई विधायक वेञ्जुङपा, बागवानी सचिव एम.टी शेर्पाले पनि सम्बोधन गर्नुभएको थियो।

# रोङगोङमा ल्होसार पर्व पालन

मङ्गन।

२१ फरवरीको दिन उत्तर सिक्किमको काबि लुङचोक समष्टिअन्तर्गत अप्पर रोङगोङमा रोङगोङ युथ क्लबको आयोजनमा आज ल्होसार पर्व पालन गरियो।

समारोहमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ मुख्य अतिथिको रूपमा उपस्थित रहनुभएको थियो भने मन्त्रीगण, विधायक, सांसद तथा विभिन्न विभागका सल्लाहकार अनि अध्यक्षहरूको उपस्थिति रहेको थियो।

यस अवसरमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले रोगोङमा भएको कला, प्रतिभा र यहाँको प्राकृतिक सुन्दरता बाहिय जगतदेखि लुकेर बसेको तर अब यस ठाउँलाई सरकारले पर्यटन गन्तव्य रुपमा विकास गरेर लैजानेछ भन्नुभयो। विकास नभएको ठाउँमा विकास गर्न राज्य सरकार तत्पर रहेको उल्लेख गर्नुहुँदै यस्ता दुर्गम ठाउँमा पर्यटन विकास गर्न सके यहाँको यस क्षेत्रको चौतर्फी विकास भएर जानेछ भन्नुभयो।

# कोलकातामा 'सिक्किम उत्सव' आयोजित

गान्तोक।

भारत सरकारको संस्कृति मन्त्रालयको पूर्व क्षेत्रीय सांस्कृतिक केन्द्र, कोलकाताले तीन दिवसीय 'सिक्किम उत्सव' आयोजना गऱ्यो। उक्त उत्सव सिक्किमको साम्प्रदायिक विविधताबारे बताउनलाई कोलकाताको शान्तिनिकेतन, शिल्पग्राम सङ्ग्रहालयमा गत १२ फरवरीको दिन पद्मश्री डा. सुशोभन बन्धोपाध्यायद्वारा उद्घाटन गरिएको थियो जसमा सिक्किमबाट सिक्किम संस्कृति धरोहर अनि साम्प्रदायिक सौहार्द्र बोर्डका अध्यक्ष सोनाम शेर्पा तीनै दिनको कार्यक्रममा विशिष्ठ अतिथि रहनुभएको थियो। उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा डा. सुशोभन बन्धोपाध्यायले सिक्किमको खुलेर प्रशंसा गर्नुभयो। त्यसरी नै अध्यक्ष सोनाम शेर्पाले सिक्किम सरकारद्वारा साम्प्रदायिक सौहार्द्रको निम्ति गरिएका कार्यबारे विस्तारमा बताउँनुभयो। सिक्किमबाट त्यहाँ भाग लिन गएको टोलीमा सांस्कृतिक विभाग, एनजीओ र कलाकारहरू सामेल थिए। प्रतिभागीहरूलाई अन्तिम दिन अध्यक्ष सोनाम शेर्पाले प्रमाण-पत्र प्रदान गर्नुभयो। यसमा भोटिया, लेप्चा, नेपालीको सांस्कृति रङ्गारङ्ग कार्यक्रम र सिक्किमलाई प्रदर्शित गर्ने कलाकारिताहरूको प्रदर्शनी गरिएको थियो।

# आपदाबारे सचेत रहन आपदा विशेषज्ञको सुझाउ

पाकिम।

सिक्किमका आपदा जोखिम क्षेत्रमा रहने मानिसहरूले पैह्रो, आकस्मिक बाढ़ जस्ता आपदाप्रति धेरै जागरूक हुनुपर्ने तथा त्यस्तो समयमा अन्यको जीवन कसरी सुरक्षित राख्न सकिन्छ भन्नेबारेमा सचेत रहनुपर्ने आपदा विशेषज्ञ सिक्किम कमाण्डर २ बटालियन एनडीआरएफ भन्वर लाल टङ्कले बताउनुभएको छ। आपदा मानव निर्मित होस वा त प्राकृतिक, सबैले अर्काको जीवन बचाउनुपर्ने आफ्नो जिम्मेवारीलाई बुझेर प्राथमिक उपचारको खाँचो भएमा त्यसको पनि व्यवस्था गर्नुपर्ने कुरालाई भूल्नु नहुने बताउनुभएको छ। यदि हामी आपदा त्यसको व्यवस्थापनबारे सचेत भयौं भने, हामीले मानव निर्मित अथवा प्राकृतिक आपदाबाट अरूको जीवन बचाउन सक्नेछौं, टङ्कले भन्नुभयो। टङ्कले कलकत्ता पूल भत्किएको, मालदाको बाढ़ी, बङ्गालको बाढ़ी, मुर्सिदावादको बस दुर्घटना, साइक्लोन २०२० फनी, अम्फान जस्ता धेरै प्राकृतिक आपदाहरूमा उद्धारकर्ताको कार्यलाई धैर्यतापूर्वक निर्वाह गरेरेर डीजीबाट प्रशंसा पत्र, राजेस्थानका मुख्यमन्त्रीबाट प्रशंसा पत्र प्राप्त गरेको साथै भारत सरकारको डाक विभागद्वारा भन्वर लाल टङ्कको फोटो भएको पाँच रूपियाँको डाक टिकट प्रकाशित गरेको, जो एनडीआरएफ जवानको फोटो सहितको प्रथम डाक टिकट रहेको जानकारी गराउनुभएको छ। एनडीआरएफ सिक्किम युनिटले आपदा प्रबन्धनबारे विद्यार्थी तथा साधारण मानिसहरूका निम्ति जागरूकता कार्यक्रम आयोजन गरेको टङ्कले बताउनुभयो।

# सामूदायिक पहुँच कार्यक्रम सम्पन्न

गान्तोक।

१९ फरवरीको दिन दक्षिण सिक्किमको रातेपानी जीपीयू-अन्तर्गत लोवर अनि अप्पर पसीमा साथीले आफ्नो सामूदायिक पहुँच अभियान सञ्चालन गऱ्यो, जहाँ स्थानीय ४५ जनाले अंशग्रहण गरेका थिए। कार्यक्रमलाई टाइटेन कम्पनीद्वारा सहयोग गरिएको थियो। यस अभियानमार्फत साथीले स्थानीय समाजलाई नशालू पदार्थको हानीकारक प्रभावबारे जागरूक गराउने लक्ष्य राखेको छ। त्यसरी नै बाल-बालिकाहरूलाई मदिरा तथा सुर्तीजन्य पदार्थ बिक्री नगर्ने सल्लाह सुझाउ पनि दिएको छ।

कार्यक्रममा नामथाङ उच्च माध्यमिक विद्यालयका साथी शिक्षक समन्वयक सुदिप शर्माले प्रदिबन्धित पदार्थको विभिन्न जटिलताबारे प्रतिभागीहरूलाई अन्तरक्रियाको क्रममा बताएका छन्। उनले मानसिक तथा शारीरिक स्वास्थ्यबारे पनि संक्षिप्त जानकारी गराएका छन्।

# राष्ट्रिय स्तरको प्रतियोगितामा सिक्किमको सहभागिता

गान्तोक।

तमिलनाडुको कोयम्बटुरस्थित सगुना स्टेडियममा गत १७ फरवरीदेखि आरम्भ भएको वरिष्ट महिला अनि पुरुष राष्ट्रिय नेशनल पावरलिफ्टिङ च्याम्पियनशीप २००२-२१-को २१ फरवरीका दिन समापन भयो। भारत सरकारको युवा मामिला एवं खेलकुद मन्त्रालयद्वारा मान्यताप्राप्त सङ्गठन पावरलिफ्टिङ इण्डियाद्वारा आयोजित यस राष्ट्रियस्तरको प्रतियोगितामा सिक्किम राज्यले पनि सहभागिता जनाएको थियो। हालै आइरन मेन अफ् सिक्किम उपाधी हासिल गर्ने ललित राई, आइरन वुमेन अफ् सिक्किम सुकमित लेप्चा, सीमा प्रधान, रञ्जीत शर्मा र तेजबहादुर दर्जीले सिक्किम राज्यलाई प्रतिनिधित्व गरेका थिए। उनीहरूले स्क्वाट, बेञ्च प्रेस र डेडलिफ्टमा भाग लिएका थिए।

हल पृष्ठ ४ मा..

# स्वास्थ्य बजेट २०२१-२२: सही दिशामा कदमः डा. राजीव कुमार

विश्वभरी जीवन तथा आजीविकालाई ध्वस्त पार्ने दुर्भाग्यपूर्ण महामारीको कारण स्वास्थ्य स्याहारको विषय केन्द्रविन्दु बन्नपुगेको छ। विश्वको धेरै विकसित स्वास्थ्य प्रणाली भएका मुलुकहरूसँग तुलना गर्दा भारतले कोभिड-१९ प्रबन्धनको सम्बन्धमा उल्लेखनीय काम गरेको भए तापनि, समाज साथै अर्थनीतिमा त्यसले पारेको प्रभाव पनि निर्विवाद सत्य हो। यस पृष्ठभूमिमा केन्द्रिय बजेट २०२१-२२ धेरै प्रतीक्षारत हुनका साथै विशेष गरी स्वास्थ्य क्षेत्रका लागि घोषणाहरूको व्यापक चर्चा-परिचर्चा पनि गरिएका छन्। यस बजेटलाई भारत सरकारद्वारा घोषणा गरिएका विभिन्न आत्मनिर्भर प्याकेजहरूको परिप्रेक्ष्यमा पनि हेर्न आवश्यक छ, जसमा स्वास्थ्य क्षेत्रको सुदृढिकरणका लागि लघुकालीन साथै दीर्घकालीन उपायहरू पनि सामेल छन्।

औषधिका साथै चिकित्सा उपकरणहरूको स्वदेशी निर्माणलाई प्रोत्साहित गर्न उत्पादन आधारित सहुलियत योजनाहरू पनि घोषणा गरिएका छन्। स्वदेशी टीकाहरूको विकास अनि परीक्षण प्रोत्साहित गर्न कोभिड सुरक्षा अभियान पनि शुरु गरिएको छ। कोभिड-१९ टीकाका लागि करिब ९२ राष्ट्रले भारतलाई अनुरोध गरेका छन्, जसले भारतलाई विश्वकै टीका विनिर्माण केन्द्रको रूपमा नाम स्थापित गरेको छ। यसका साथै, गरीब तथा कमजोर वर्गलाई कोभिड-१९ सङ्कटको समय खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न, भारत सरकारद्वारा प्रधानमन्त्री गरीब कल्याण प्याकेज घोषणा गरियो, जसअन्तर्गत ८० करोड जनमानसलाई निःशुल्क खाद्यान्न वितरण गरियो। एक राष्ट्र, एक राशन कार्ड योजना १७ वटा राज्यद्वारा कार्यान्वयन गरिसकिएको छ, जसबाट १३ करोड प्रवासी श्रमिकका साथै उनीहरूका परिवारले देशको कुनै पनि ठाउँबाट आफ्नो हकमा पाउने राशन उठाउन सक्छन्। अन्य राज्यहरूले पनि यसको व्यवस्था शुरु गर्न थालेका छन्।

केही टिप्पणीकारद्वारा स्वास्थ्य बजेटलाई जल, स्वच्छता, पोषण तथा स्वच्छ वायुको निम्ति दरबन्दीसँगै संलग्न गरिएको सन्दर्भमा, स्वास्थ्यका साथै आरोग्यताको निम्ति बजेट सम्मिलित गर्दा, यी क्षेत्रहरूको अरू व्यापक एकिकरण सम्भव बनाएको स्पष्ट छ, जुन स्वागतयोग्य कदम हो। राष्ट्रिय स्वास्थ्य नीति (एनएचपी), २०१७ मा, स्वास्थ्य, जल अनि स्वच्छताबीच निकटवर्ती सम्बन्ध रहेको प्रकाश पारिएको छ। यस वर्षको आर्थिक सर्वेक्षणमा पनि पानी, स्वच्छताका साथै आवास जस्ता बुनियादी आवश्यकतासम्म पहुँचमा सुधारको आवश्यकतामाथि बल दिँदै स्वास्थ्य सूचकहरूका प्रगतिसँग अन्तरसम्बन्धित रहेको बताइएको छ।

हालै शुरु गरिएको जल जीवन अभियानका (शहरी) लागि पर्याप्त मात्रामा दरबन्दी विशेष रूपमा सराहनीय कदम मान्नसकिन्छ, कारण गुणस्तरीय पानीको आपूर्ति स्वास्थ्य क्षेत्रका लागि सकारात्मक वाहक ठहरिएको छ। जनस्वास्थ्यका लागि जोन हप्किन्स ब्लूमबर्ग स्कूलद्वारा २०१९ मा जारी गरिएको एउटा प्रतिवेदनमा प्रत्येक एक सयमध्ये एकजना बालकले झाडा-पखालाका साथै निमोनियाको कारण पचासौं जन्मदिन मनाउन नपाउने गरेको उल्लेख गरिएको छ। स्वच्छ पानी साथै स्वच्छतासम्म पहुँच नहुनु सोझै झाडा-पखाला, पोलियो अनि औले ज्वरो वा मलेरिया जस्ता रोगसँग सीधै सम्बन्धित छ। यसका साथै आर्सेनिक जस्ता भारी धातुबाट दूषित पानीले हृदय रोग तथा क्यान्सर जस्ता रोगको जोखिम बढाउँदछ।

बजेट २०२१ को अर्को महत्त्वपूर्ण स्वास्थ्य सम्बन्धी घोषणा सरकारद्वारा न्युमोकोकल टीका देशव्यापी रूपमा विस्तार गर्नुरहेको थियो। न्युमोकोकल निमोनिया पाँच वर्षभन्दा कम उमेरका बाल-बच्चाहरूको ज्यान लिने घातक बिमारी हो। स्वदेशी रूपमा निर्मित यस टीकालाई सर्वव्यापी बनाइएपछि सालेनी ५० हजारभन्दा धेरै बाल-बच्चाको ज्यान बचाउन सकिनेछ। वित्त मन्त्रीद्वारा वर्ष २०२१-२२ का लागि कोभिड-१९ टीकाको निम्ति ३५ हजार करोड रुपियाँको विशेष दरबन्दी पनि घोषणा गरियो, जुन आवश्यक परे अझ बढाइनेछ। भारतले लसम्म साठी लाखभन्दा धेरै टीकाको खुराक स्वास्थ्यकर्मीका साथै अग्रपङ्क्तिका कर्मीहरूलाई लगाइसकेको छ, जुन विश्वमै द्रुत टीकाकरण मानिन्छ।

पीएम आत्मनिर्भर स्वस्थ भारत योजना (पीएमएएनएसबीवाई) मार्फत् पूँजीगत व्ययमा प्राथमिकता प्रदान गर्नु धेरै आवश्यक कदम थियो। समग्र स्वास्थ्य बजेटमा पूँजीगत व्यय ऐतिहासिक रूपमा अति नै कम प्रतिशतमा रहने गरेको पाइन्छ, जहाँ अधिकांश धनराशि वेतन तथा प्रशासनिक लागतमा जाने गर्दछ। यसका साथै पीएमएएनएसबीवाईले विषाणु संस्थान तथा एकिकृत जनस्वास्थ्य प्रयोगशालाहरूको स्थापना लगायत सबै स्तरमा जनस्वास्थ्य प्रणालीको सुदृढिकरणमाथि बल दिँदछ। कुनै पनि रोग फैलिनअघि नै त्यसका लागि समुचित रूपमा तयर रहन रोगहरूको निगरानीका साथै नैदानिक क्षमता बढाउन आवश्यक रहेको कुरा विशेषज्ञहरूले बारम्बार दोहोऱ्याउँदै आइरहेका छन्। यसका अतिरिक्त, पीएमएएनएसबीवाई अन्तर्गत स्वास्थ्य एवं आरोग्यता केन्द्रहरूको विस्तारसहित स्थानीय सासन निकायको माध्यमद्वारा प्राथमिक स्वास्थ्य प्रणालीको सुदृढिकरणका लागि वित्त आयोगको रु.१३,१९२ करोड अनुदान उल्लेखनीय पहल हो।

स्वास्थ्य बजेटको सम्बन्धमा अर्को चर्चाको विषय, भारत सरकारद्वारा आयुष्मान भारतको अंशको रूपमा २०१८ मा शुरु गरिएको सरकारको ध्वजवाहक कार्यक्रम - प्रधानमन्त्री जन आरोग्य योजना (पीएम-जेएवाई) अन्तर्गत धनराशिको आबन्टनलाई स्थिर राखिएको विषय रहेको छ। नयाँ योजना भए तापनि, पीएमजेएवाई कार्यान्वित नगर्ने राज्यहरूमा १२ प्रतिशतको कमीको विपरीत कार्यान्वयन गर्ने राज्यहरूमा वर्ष २०१५-१६ देखि २०१८-१९ को अवधिमा शिशु मृत्यु दरमा २० प्रतिशतको कमी आएको आर्थिक सर्वेक्षणमा अनुमान लगाइएको छ। यस कारण राज्यको ग्रहण अनि शासित गर्ने क्षमतामा सुधारको निम्ति यस महत्त्वकाङ्क्षी योजनालाई कायम राख्दै गति प्रदान गर्न पनि आवश्यक छ।

स्वास्थ्य बजेटको सम्बन्धमा कम चर्चा गरिएको विषय हो आयुष मन्त्रालयको निम्ति ४० प्रतिशतको वृद्धि। महामारीले रोकथाममूलक, सर्वव्यापी स्वास्थ्य एवं आरोग्यतातर्फ व्यावहारिक परिवर्तनलाई प्रेरित गरेको छ। कोभिडपछिको स्थितिमा, विशेष गरी तनाउ घटाउनका साथै गम्भीर बिमारीहरूको प्रबन्धनका लागि आयुर्वेद अनि योगलाई एकिकृत स्वास्थ्य स्याहार पहलका रूपमा प्रोत्साहित गर्नसकिने सम्भावना बढेर गएको छ।

निःसन्देह नै स्वास्थ्य आवश्यकताका लागि बजेटको दरबन्दी समय अनुसार बढाउँदै लैजान आवश्यक छ। पोषण, जल अनि स्वच्छता जस्ता सम्बन्धित क्षेत्रका लागि पर्याप्त बजेट प्रावधान सुनिश्चित गर्न जरुरी छ। स्वास्थ्य क्षेत्रमा व्यय वृद्धिको दायित्व केन्द्रको मात्र नभएर राज्यहरूले पनि बेहोर्न आवश्यक छ। राष्ट्रिय स्वास्थ्य लेखा, २०१७ मा विस्तार गरिए अनुसार, भारतमा स्वास्थ्य स्याहारतर्फ गरिने ६६ प्रतिशत खर्च राज्यहरूले बेहोर्दछन्। यस कारण, एनएचपी, २०१७ र १५ औं वित्त आयोगको सिफारिश अनुरूप राज्यहरूले कम्तिको पनि बजेटको ८ प्रतिशतसम्म खर्च गर्नुपर्नेछ।

पूर्ण नियोजित साथै क्रमबद्ध सुधारको कार्यान्वयनसँगै विगत केही वर्षदेखि स्वास्थ्य क्षेत्रले सरकारको कार्यक्रमहरूमा प्रमुखता पाइरहेको छ। अझ धेरै गर्न बाँकी नै रहेको भए तापनि, केन्द्रिय बजेट २०२१-२२ ले कोभिडपछिको समयमा लचकता बढाउनका साथै सतत् विकास लक्ष्य अनुरूप वर्ष २०३० सम्म सर्वव्यापी स्वास्थ्यको लक्ष्य हासिल गर्न बलियो जग बसालेको छ। (पीआइबी)

## साथीको सामुदायिक पहुँच कार्यक्रम सम्पन्न

**गान्तोक।** गत २० फरवरीका दिन साथीले नामथाङ जीपीयू-अन्तर्गत आलेमा नशालू पदार्थको हानीकारक प्रभावबारे स्थानीय मानिसहरूलाई जागरूक गराउने उद्देश्यमा आफ्नो सामुदायिक पहुँच कार्यक्रम आयोजन गऱ्यो। स्थानीय ३२-जनाले अंशग्रहण गरेको कार्यक्रमको आयोजना टाइटेन कम्पनी लिमिटेडको सहयोगमा गरिए हो।

साथी शिक्षक समन्वयक सुदिप शर्माले नशालू पदार्थको हानी कारक प्रभाव तथा यसको खतराबारे प्रतिभागीहरूलाई अवगत गराए। यदि स्थानीय दोकानदारहरूले बाल-बालिकाहरूलाई मद-मदिरा तथा सुर्तीजन्य पदार्थ बिक्रि गरिरहेका छन् भने अभिभावकहरूले त्यसमाथि हस्तक्षेप गरी नियन्त्रण गर्नुपर्ने सल्लाह दिनुभयो। यस प्रकारका कुनै घटना भए सहयोगका निम्ति साथी कार्यालयमा सम्पर्क गर्न सकिने जनाउनुभयो। आउँदो पीढ़ीलाई प्रतिबन्धित नशालू पदार्थको दुर्व्यसनबाट कसरी बचाउन सकिन्छ भन्नेबारेमा समाज सचेत र जिम्मेवार हुन आवश्यक रहेको उहाँले बताउनुभयो।

वार्ड पञ्चायत एमबी सुब्बाले उक्त गाउँमा यस प्रकारको कार्यक्रम आयोजन गरिएकोमा प्रशंसा गर्नुभयो।

यसैगरी गत २१ फरवरीको दिन दक्षिण सिक्किमको नालाममा साथी टोलीद्वारा सामुदायिक पहुँच अभियान सञ्चालन गरियो। टाइटेन कम्पनीको सहयोगमा सञ्चालित कार्यक्रममा स्थानीय २७-जनाले अंशग्रहण गरेका थिए।

सामुदायिक पहुँच कार्यक्रमको मुख्य उद्देश्य मानिसहरूलाई नशालू पदार्थको हानीकारक प्रभाव अनि यसको दुर्व्यसनले समाजमा पर्ने नकारात्मक प्रभावबारे जागरूक गराउनु हो भनी बताइएको छ।

कार्यक्रममा मनोवेत्ता तथा शोधार्थी रोशनी छेत्रीले नशालू पदार्थको औषधीय पक्षबारे बताउनुभयो। नशालू पदार्थको कुलत एक प्रकारको रोग भए तापनि अभिभावक तथा परिवारको सहयोगमा यसको निवारण गर्न सकिने कुरामा जोड़ दिँदै कुलतमा लागेकाहरूसित असल व्यवहार गरी राम्रो बाटोमा ल्याउन सकिने जानकारी गराउनुभयो। साथीद्वारा सञ्चालन गरिएको कार्यक्रमलाई मानिसहरूले सकारात्मक प्रतिक्रिया दिए।







*मुख्यमन्त्री प्रेमसिंह तामाङ (गोले)-द्वारा पश्चिम सिक्किमको चुम्बुङमा खण्ड प्रशासनिक केन्द्र (बीएसी) र औद्योगिक प्रशिक्षण संस्थान (आईटीआई) तथा च्याखुङमा उत्कृष्टताको केन्द्रको उद्घाटन गरिएका केही दृश्य।*

# मङ्गनमा टीबी फोरमको सभा सम्पन्न

**मङ्गन।**

२० फरवरीका दिन राष्ट्रिय क्षयरोग निवारण कार्यक्रम (एनटीईपी)-अन्तर्गत टीबी फोरमको सभा मङ्गनको जिल्ला प्रशासनिक केन्द्र परिसरमा सम्पन्न भयो। एनटीईपी भारत सरकारको जनस्वास्थ्य सम्बन्धित पहल हो। सभामा उत्तरका जिल्लापाल तेञ्जिङ टी केलियोन सभाध्यक्षको रूपमा उपस्थित हुनुहुन्थ्यो भने उत्तर जिल्लाका अतिरिक्त जिल्लापाल, मङ्गनका महकुमा अधिकारी (एसडीएम), मुख्य चिकित्सा अधिकारी, डीटीओ, टीबी सेलका कर्मचारी र प्राविधिकहरू, एनजीओका कार्यकर्ताहरू र क्षयरोग विजेताहरू आदि उपस्थित थिए। सिक्किममा २०२२-भित्र क्षयरोग निर्मूल गर्नेबारे सभामा विस्तृत रूपमा छलफल गरियो। उल्लेख्य, भारत सरकारले २०२५-भित्र सारा भारतबाटै क्षयरोग निर्मूल पार्ने लक्ष्य लिएको छ।

जिल्लापालले सभामा बोल्दै क्षयरोगसित जोड़िएको गलत धारणाबारे जनजागरूकताको अवश्यकता रहेको बताउनुभयो। समितिले प्राथमिकता दिएर सीएमओ र डीटीओको दिशानिर्देशमा व्यवहारिक एसओपी तयार पार्नुपर्ने बताउनुभयो। यसका साथै उहाँले क्षयरोगको निम्ति बुनियादी जाँचको ध्वजबाहक अभियान चलाइनुपर्ने सुझाउ राख्नुभयो, जसको निम्ति आशा र आँगनवाड़ी कार्यकर्ताहरूलाई साथमा लिनसकिने उहाँले बताउनुभयो। जिल्लापाल काल्योनले यसप्रकारले क्षयरोग पत्तो लगाउन, रोकथाम तथा निर्मूल गर्न सहयोग पुग्ने बताउनुभयो। यसबारे सूचना प्रवाहको महत्त्वबारे उहाँले प्रकाश पार्नुभयो। प्रत्येक प्रक्रियामा सही र प्रभावकारी ढङ्गमा दस्तावेज तयार गरिनु महत्त्वपूर्ण छ भनी उहाँले बताउनुभयो। सही तथ्य निकाल्न यसले सहयोग पुग्ने उहाँको भनाई रहेको थियो। उहाँले पञ्चायत तथा एनजीओ-हरूलाई समुदायमा यसबारे जागरूकता कार्यक्रम चाउने र गतिविधि गर्ने आग्रह गर्नुभयो।

टीबी च्याम्पियन (क्षयरोगलाई जितेकाहरू)-ले क्षयरोग र यसमाथि विजय पाउँदाको आफ्ना अनुभवहरू साझा गरे। त्यसरी नै पञ्चायत र एनजीओ-हरूले समुदायको निम्ति काम गर्ने सदिच्छा साझा गरे।

# दुई दिवसीय पुष्प प्रदर्शनीको समापन

**गान्तोक।**

एनएचपीसी टिस्टा-५ पावर स्टेशनद्वारा आफ्नो प्रशासनिक भवन बालुटार पूर्व सिक्किममा १९ फरवरीदेखि शुरू भएको दुई दिवसीय पुष्प प्रदर्शनी एवं प्रतियोगिताको २० फरवरीका दिन समापन भयो। उद्घाटन कार्यक्रममा मुख्य अतिथिका रूपमा उपस्थित ग्रामीण विकास विभाग मन्त्री सोनाम लामाले पुष्प प्रदर्शनीको अंशको रूपमा विभिन्न प्रकारका रंगी चङ्गी ताजा फूलहरूको अवलोकन गर्न पाएकोमा खुशी व्यक्त गर्दै प्रदर्शनीमा सहभागिता जनाएका पुष्प उत्पादक कृषकहरूको प्रशंसा गर्नुभयो। प्रदर्शनीमा राखिएका सुन्दर बोट-बिरूवा तथा फूलको डिजाइनले अवलोकन गर्नेहरूलाई मन्त्रमुग्ध बनाएको थियो। प्रतिभागीहरूले पुष्प डिजाइनमार्फत आफ्नो सृजनशीलता प्रदर्शित गरेका थिए।

कार्यक्रममा सिक्किमको उत्तर, पूर्व अनि दक्षिण जिल्लासहित दार्जीलिङ अनि कालेबुङका गरी जम्मा २५ प्रतिभागीहरूले अंशग्रहण गरेका थिए। यसअघि मन्त्री लामाले टिस्टा-५ पावर स्टेशन बालुटारको भ्रमण गरी वर्ष २०२०-२१-का निम्ति सीएसआर-एसडी-अन्तर्गत पूर्व सिक्किम, रालापको सूर्योदय कल्याण समितिलाई एक लाख रूपियाँ बराबरको सांगीतिक सामग्रीहरू हस्तान्तरण गर्नुभयो।

त्यसरी नै २० फरवरीको कार्यक्रममा सिक्किम सरकारका विद्युत एवं ऊर्जा मन्त्री मिया नर्बु शेर्पा मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो। कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री शेर्पाले पुष्पखेतीमा नजिकैका गाउँहरूलाई जागरूक गराउने एनएचपीसी-को पहललाई सराहना गर्नुभयो। कार्यक्रममा बोल्दै टिस्टा-५ पावर स्टेशन प्रमुख सहदेव खटुवाले पुष्प प्रदर्शनी कार्यक्रम पावर स्टेशनको निरन्तर कार्यक्रम रहेको र सिक्किमबाट विभिन्न वर्गका मानिसहरूको सहभागिताप्रति आकर्षित गरेको जनाउनुभयो। पुष्प प्रदर्शनीले पुष्प खेती आकांक्षी, विद्यार्थीवर्ग, संघ-संस्था, एसएचजी, नर्सरी तथा वरपर गाउँहरूमा राम्रो प्रतिक्रिया प्राप्त गरेको जनाउनुभयो।

मुख्य अतिथि शेर्पाले सबै वर्गका विजेताहरूलाई पुरस्कार प्रदान गर्नुभयो। समापन समारोहको अवसरमा एनएचपीसीका वरिष्ठ अधिकारी तथा कर्मचारीहरूको उपस्थिति थियो। फ्लावरिङ प्लान्ट वर्गमा बेन सिमखर्क बस्तीकी नोर माया लिम्बूले प्रथम पुरस्कार प्राप्त गरिन् भने अर्नमेन्टल प्लान्ट वर्गमा सिमखर्ककी लिला राईले प्रथम पुरस्कार प्राप्त गरिन्। त्यसरी नै अप्पर नाम्चेबुङ पूर्व सिक्किमका कपिल छेत्रीले अर्किड वर्गमा प्रथम पुरस्कार प्राप्त गरे।

# एनआईटी सिक्किमले आयोजन गऱ्यो अनलाइन संकाय विकास कार्यक्रम

**गान्तोक।**

भारत सरकारको शिक्षा मन्त्रालय, एआईसीटीई-बाट आर्थिक सहायतासित राष्ट्रिय तक्निकी संस्थान सिक्किम (एनआईटी)-ले आधुनिक अध्यापन-विज्ञानको रणनीतिमाथि सप्ताह व्यापी अनलाइन संकाय विकास कार्यक्रम आयोजन गऱ्यो। कार्यक्रममा देशका २२ राज्यहरूबाट जम्मा आठ सय प्रतिभागीहरूले अशंग्रहण गरेका थिए, जसमा आधुनिक अध्यापनका सबै पक्षहरूलाई समेटेर १६-वटा सत्रका प्रारम्भिकदेखि विकसित चरणसम्मलाई राखिएको थियो। प्रत्येक सत्रलाई शैक्षणिक समुदायबाट विशिष्ट वक्ताहरूद्वारा समेटिएको थियो।

उद्घाटन सत्रमा, एनबीए अध्यक्ष प्रा. केके अग्रवाल मुख्य अतिथिका रूपमा उपस्थित रहनुभएको थियो भने एनआईटी जालन्धर अनि एनआईटी हामीरपूरका निदेशक प्रा. ललितकुमार अवस्थी विशिष्ट अतिथि हुनुहुन्थ्यो। दुवै अतिथिहरूले अध्यापन-विज्ञानको क्षेत्रमा परिज्ञान तथा अनुसन्धान निर्देशनमाथि जोड़ दिनुभयो। संस्थानका निदेशक प्रा. एमसी गोभीलले भारत सरकारद्वारा उठाइएका केही पहल तथा जागरूकता अनि यस निर्देशनमा संस्थानले गरेका कार्य सन्दर्भमा विस्तारपूर्वक बताउनुभयो। उहाँले खुल्ला अध्यापन-विज्ञान तथा खुल्ला शिक्षा प्रणालीमाथि पनि वक्तव्य दिनुभयो।

## ३१ मार्चमा राज्यको ....

मतदान सूचिको अन्तिम प्रकाशनपछि केही दिनबाटै शुरू हुनेछ।

राज्य चुनाउ आयुक्त लेदेनले बताएअनुसार, यसचेटि नगरपालिका वार्डहरूको पुनर्सीमाङ्कन गरिँदा गान्तोक नगर निगमको वार्ड संख्या १७-बाट बढ़ेर १९ भएको छ। गान्तोक नगर निगमका नयाँ सिर्जित वार्डहरू हुन बोझोघारी, दुई माइल र पानी हाउस। यसरी नै दक्षिण जिल्लाको नयाँबजार-जोरथाङ नगरपालिकालाई नयाँ नामाकरण गरी नयाँबजार-जोरथाङ नगर पञ्चायत गरिएको छ। त्यसरी नै पश्चिम जिल्लाको गेजिङ नगरपालिकालाई नामाकरण गरी गेजिङ नगर पञ्चायत गरिएको छ। नयाँबजार-जोरथाङ नगर पञ्चायत र गेजिङ नगर पञ्चायतका वार्ड संख्या ७-बाट घटाएर ५-५ गरिएको छ। चुनाउ जम्मा ५१ वार्डको निम्ति सम्पन्न हुनेछ। पूर्व जिल्लाको गान्तोक नगर निगमको १९ वार्ड, सिङताम नगर पञ्चायातको ५ वार्ड, रम्फू नगर पञ्चायतमा ५ वार्ड, दक्षिण जिल्लाको नाम्ची नगरनिगममा ७ वार्ड, नयाँबजार-जोरथाङ नगरपञ्चायतमा ५ वार्ड, पश्चिम सिक्किमको गेजिङ नगरपञ्चायतमा ५ वार्ड र उत्तर दिल्लाको मङ्गन नगर पञ्चायतको ५ वार्ड गरी जम्मा ५१ वार्डमा चुनाउ सम्पन्न हुने आयुक्त येथेन्पाले जानकारी दिनुभयो।

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 2500 Cps .26. 02 2021